REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs   Date: 10.05.2025

## PM Meets: NSD

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा उच्चस्तरीय बैठक गर्नुभयो। बैठकमा रक्षामन्त्री राजनाथ सिंह, विदेशमन्त्री एस जयशंकर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, रक्षा प्रमुख जनरल अनिल चौहान, सेना प्रमुख जनरल उपेन्द्र द्विवेदी, नौसेना प्रमुख एडमिरल दिनेश त्रिपाठी र वायुसेना प्रमुख एयर मार्शल अमरप्रीत सिंह उपस्थित हुनुहुन्थ्यो। यो बैठक दुई देशका सैन्य अपरेशन महानिर्देशकहरूबीच हिजो सम्पन्न कुराकानीपछि भएको युद्धविरामका सन्दर्भमा बसेको थियो। दुवै देशका यी अधिकारीहरूबीच भोलि फेरि वार्ता हुनेछ। यसअघि विदेश सचिव विक्रम मिश्रीले हिजो नयाँ दिल्लीमा सञ्चारमाध्यमलाई भारतले पाकिस्तानद्वारा गरिएको युद्धविराम उल्लङ्घनलाई एकदमै गम्भीरताका साथ लिएको बताउँदै, सशस्त्र बलले परिस्थितिलाई नजिकबाट नियालिरहेको र अन्तर्राष्ट्रिय सीमा साथै नियन्त्रण रेखामा कुनै पनि उल्लंघनको घटनालाई कडाइका साथ प्रतिकार गर्न निर्देशन दिइएको जानकारी दिनुभयो।

## Eve-Rajnath-Brahmos: NSD

रक्षामन्त्री राजनाथ सिंहले लखनऊमा ब्रह्मोस एरोस्पेस एकीकरण र परीक्षण सुविधाको भर्चुअल उद्घाटन गरेपछि, अपरेशन सिन्दुर केवल सैन्य कारबाही मात्र नभई भारतको राजनीतिक, सामाजिक र रणनीतिक इच्छाशक्तिको प्रतीक भएको बताउनुभयो। उहाँले भन्नुभयो, अपरेशन सिन्दुर आतङ्कवादविरुद्ध भारतको दृढ इच्छाशक्ति अनि सैन्य शक्तिको क्षमता र दृढ सङ्कल्पको प्रदर्शन हो। भारतले आतङ्कवादविरुद्ध कुनै कारबाही गर्दा, सीमापारको भूमि पनि आतङ्कवादी र उनीहरूका मालिकहरूका लागि सुरक्षित नरहने रक्षामन्त्रीले ठोकुवा गर्नुभयो।

CM Visit-Barla: IPR

मुख्यमन्त्री प्रेम सिंह तामाङले जलपाईगुडीको बनरहाटस्थित पूर्व अल्पसंख्यक राज्यमन्त्री जोन बार्लाको निवासमा पुगी उहाँकी श्रीमती स्वर्गीय महिमा बार्लाको दुखद निधनमा हार्दिक समवेदना व्यक्त गर्नुभयो। मुख्यमन्त्रीले गहिरो दुःख जनाउँदै, यस कठिन घडीमा शोकसन्तप्त परिवारलाई धैर्य धारण गर्ने शक्ति र सान्त्वना मिलोस् भनी कामना गर्नुभयो। भ्रमणका क्रममा, मुख्यमन्त्रीले दार्जिलिङका सांसद राजु बिष्ट, अलिपुरद्वारका सांसद मनोज टिग्गा र भेलामा उपस्थित क्षेत्रका धेरै विधायकहरूसँग पनि भेट गर्नुभयो।

Drug: Dilliram Dulal

मुख्यमन्त्री प्रेमसिंह तामाङको मार्गनिर्देशनमा अनि स्यारी समष्टिका विधायक तेन्जिङ नोर्बु लाम्ठाको प्रयासमा नशामुक्त सिक्किम अभियान अन्तर्गत आजदेखि नशालु पदार्थ ओसारपसार र सेवन गर्नेहरूविरूद्ध कडा कार्वाही गरिने चेतावनीका साथ आमाको आँसु पुछ्ने लाठी नामक व्यापक सचेतनामूलक अभियान सुरु गरियो। चानमारी ट्याक्सी स्ट्याण्ड परिसरमा आयोजित यस कार्यक्रममा क्षेत्र विधायक श्री लाम्ठा उपस्थित हुनुहुन्थ्यो। उहाँले मुख्यमन्त्रीको परिकल्पनामा सुरु गरिएको यस अभियानलाई सफल पार्न सबै नागरिकलाई आह्वान गर्दै, नशामुक्त भारत, नशामुक्त सिक्किम र नशामुक्त स्यारीको अवधारणाको उल्लेख गर्नुभयो अनि आज विश्व मातृ दिवसकै छेक पारेर यो अभियान सुरु गरिएको जानकारी गराउँदै, ड्रग्स आज सबैका निम्ति चिन्ताको विषय बनेको बताउनुभयो। गान्तोक सदर थानाका एस.एच.ओ डीपी सुब्बाले एन.डी.पी.एस ऐन 1985 र साडा ऐनबारे विस्तृत जानकारी दिनुभयो अनि समाज कल्याण विभागका अतिरिक्त निर्देशक महेश शर्माले पनि नशालु पदार्थको सेवन र बेचबिखनले समाजमा पार्ने नकारात्मक असरहरूबारे प्रकाश पार्नुभयो। यस अवसरमा अप्पर स्यारी स्कुलका विद्यार्थीहरूले नशालु पदार्थको दुर्व्यसनमाथि सचेतनामूलक नाटक प्रस्तुत गरे ।

Sikkim @50 Golden Jubilee Conclave: Social Media

सिक्किम राज्य स्थापनाको ५० वर्ष पुगेको अवसरमा आयोजना हुन लागेको सिक्किम @५० स्वर्ण जयन्ती सम्मेलनको तयारी अन्तिम चरणमा पुगेको छ। यो सम्मेलन द प्रेस क्लब अफ सिक्किम र सूचना तथा जनसम्पर्क विभाग, आई.पी.आर-ले संयुक्त रूपमा मे १३ को दिन गान्तोकमा आयोजना गर्दै छन्। सम्मेलनमा तीन सत्रहरू हुनेछन्, जसको उद्घाटन सत्रमा राज्यपाल ओमप्रकाश माथुर प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुनेछ। आज, प्रेस क्लब अफ सिक्किम र आई.पी.आर विभागले आगामी सम्मेलनबारे विवरण साझा गर्न पत्रकार सम्मेलन आयोजना गऱ्यो।

Weather: M.O Gangtok

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 23.1 डिग्री सेल्सियस र न्यूनतम तापमान 15.2 डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि अधिकतम तापमान 23 डिग्री सेल्सियस र न्यूनतम तापमान 14 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ। विभागले भोली सामान्यतया आकाशमा बादल छाउने र सामान्य वर्षका साथै घनघोर वर्षा हुने पनि चेतावनी दिएको छ।